# गैरआवासीय नेपाली संघ
# अन्तराष्ट्रिय समन्वय समिती

# प्रेस बिज्ञप्ती

### मिती: २०७१ असोज २५

गैरआवासिय नेपाली दिवस 'एनआरएन डे' लाई शनिवार प्रधानमन्त्री सुशिल कोइरालाले एक कार्यक्रमवीच उद्घाटन गर्नुभएको छ ।

उद्घाटन गर्दै प्रधानमन्त्री कोइरालाले गैरआवासिय नेपालीलाई ढुक्कसँग नेपालमा लगानी गर्न आह्वान गर्नुभएको छ । गैरआवासिय नेपाली दिवस 'एनआरएन डे' को अवसरमा शनिवार राजधानीमा आयोजित बिशेष कार्यक्रममा प्रधानमन्त्री कोइरालाले अहिले लगानीका लागि बातावरण बन्दै गएकाले एनआरएनलाई लगानी गर्न आग्रह गर्नुभएको हो । अबको युग विकासको युग भएकाले एनआरएनहरु विकासको साझेदारी बन्नुपर्ने बताउँदै कोइरालाले लगानीको मार्गमा समस्या भए सरकारले समाधान गर्ने बताउनुभयो ।

मुलुक शान्ति, लोकतन्त्र, स्थायीत्वतर्फ अगाडी बढिरहेको छ साथै संविधान निर्माण हुने क्रम तिब्र रुपमा अगाडी बढीरहेकाले मुलुकमा अब विकास गर्नुपर्ने र यसमा सबै क्षेत्रबाट सहयोग हुनुपर्ने बताउनुभयो । गैरआवासिय नेपाली संघको एक दशक लामो अभियानमा नेपालमा विभिन्न क्षेत्रमा लगानी आइरहेकोले त्यो लगानी बढाउनुपर्ने र विदेशी लगानीलाई हौसला दिनुपर्ने बताउनुभयो । 'सरकारले गैरआवासीय नेपालीको समस्या बुझ्दै गएको छ र सुविधा पनि दिदै गएको छ, त्यसैले तपाईहरु ढुक्क भएर लगानी ल्याउनुस' उहाँले भन्नुभयो ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री तथा एमाओवादीका नेता डा.बाबुराम भट्टराईले संसारका विभिन्न देशमा रहेका गैरआवासिय नेपालीले आर्जित गरेको ज्ञान, सिपबाट नेपालमा केहि गर्नुपर्ने बताउनुभयो । 'विभिन्न मुलुकमा बसेर हामीले केहि न केहि सिकेका छौं, अब देश बनाउनुपर्छ ' उहाँले भन्नुभयो 'हामी एकदुई जना मात्र धनी भएर हुँदैन देश नै धनी भयो भने बल्ल गर्व गर्ने बेला आउँछ, त्यसैले सबै मिलेर देशको विकास गर्नुपर्छ ।'

देश संविधान निर्माणको क्रममा रहेको बताउदै पूर्वप्रधानमन्त्री भट्टराईले संविधान बनेपछि विकासको अध्याय सुरु हुन्छ र त्यसमा एनआरएनको भूमिका हुने बताउनुभयो । एनआरएनलाई विशेष नागरिकताको व्यवस्था संविधानमा नै गर्ने निर्णय भएको भन्दै उहाँले नागरिकता पाएसँगै एनआरएनले पनि आफ्नो जिम्मेवारी प्रति पहल गर्नुपर्ने बताउनु भन्नुभयो ।

कार्यक्रममा परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले 'एकपटकको नेपाली सधैको नेपाली' का लागि 'एकपटकको प्रतिबद्धता सधैको प्रतिबद्धता' हुनुपर्ने बताउनुभयो । हामी जहाँ भएपनि नेपाली हो तर विकासको प्रतिबद्धतामा हामी जहाँबाट भएपनि सहयोग पुर्‍याउनुपर्छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा एनआरएनएका अध्यक्ष शेष घलेले देशमा लगानीको वातावरण बनाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो ' देशमा राजनीतिक स्थिरता नदेख्दा नदेख्दै पनि हामीले लगानी ल्याईरहेका छौँ, यदि प्रशासनिक झण्झट नभएर राजनीतिक रुपमा स्थिर वातावरण भएमा लगानी गर्न हामी जस्ता धेरै व्यक्तिहरु तयार रहेका छन् ।' उहाँले अहिले भइरहेको लगानी पनि रिस्क मोलेर गरेको भन्दै नाफा कमाउन भन्दा पनि स्वदेश प्रतिको भावनाले लगानीहरु भइरहेको प्रष्ट पार्नुभयो ।

भर्खैरे मात्रै गैरआवासीय नेपालीको लागि नागरिकता प्रदान गर्ने बारेमा भएको निर्णय प्रति स्वागत गर्दै अध्यक्ष घलेले संविधानसभाले अन्य नागरिक सरहकै नागरिकता प्रदान गर्नेमा बिश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा समान्य प्रशासन मन्त्री लालबाबु पण्डित, एनआरएनका प्रमुख संरक्षक रामप्रताप थापा, संस्थापक अध्यक्ष उपेन्द्र महतो, निर्वमान अध्यक्ष जीवा लामिछाने, उद्योग बाणिज्य महासंघका अध्यक्ष प्रदीपजंग पाण्डेलगायतले एनआरएन अभियानका बारेमा आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा सगरमाथा हिमपहिरोमा परि मृत्यु भएका व्यक्तिका परिवारलाई सहयोग रकम प्रदान गरिएको थियो । त्यस्तै संघको भवन निर्माणका लागि अमेरिकाको सियाटलमा संकलन भएको रकम आईसिस सदस्य ए सी शेर्पाले भवन निर्माण समितीलाई हस्तान्तरण गर्नु भयो ।
यसै गरी एनआरएन घानाबाट अशक्त बालबालिकाको शिक्षाका लागि सहयोग प्रदान गरिएको थियो । त्यस्तै कपिलदेव थापाले शारिरिक अपांगता भएका व्यक्तिहरुलाई ह्विल चियर वितरण गर्नुभएको थियो ।

त्यस्तै एनआरएन डेको अवसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गर्नु भयो । कार्यक्रमको संचालन संघका महासचिव कुमार पन्त तथा सचिव रन्जु थापाले गर्नु भएको थियो भने कार्यक्रममा उपस्थित प्रमुख अतिथि लगायत सर्म्पूण सहभागि र सहयोगिहरुमा संघको तर्फबाट प्रवक्ता मन केसीले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

शनिवार विहान नै स्वयम्भुनाथ र पशुपतीनाथमा संघका पदाधिकारी र सदस्यहरुले शान्तिको कामना गर्दै पुजा अर्चना गरेर एनआरएन डेको सुभारम्भ गर्नुभएको थियो ।

## प्रधनमन्त्रीद्धारा शेराटन काठमाण्डौं होटलको सिलान्यास

गैरआवासिय नेपाली दिवस 'एनआरएन डे' को अवसरमा शनिवार संघका अध्यक्ष शेष घलेको लगानीमा बन्न लागेको शेराटन काठमाडौं होटलको प्रधानमन्त्री सुशिल कोइरालाले शिलान्यास गर्नुभयो ।

अष्ट्रेलियाको एमआइटी ग्रुप होल्डिङ्सको ८ अर्ब लगानीमा राजधानीको केशरमहलमा निर्माण हुने सेराटन काठमाडौं होटलको प्रधानमन्त्री सुशील कोइरालाले पुजाअर्चनापछि शिलान्यास गर्नुभएको हो ।

काठमाडौंको कान्तिपथस्थित केशरमहलको करिब १४ रोपनी क्षेत्रफलमा होटल निर्माण हुन लागेको हो । होटलको डिजाइन र नक्सा पास तयार भएर शनिवार शिलान्याश लगत्तै निर्माणकार्य सुरु हुने भएको छ ।

शिलान्यासपछि प्रधानमन्त्री सुशिल कोइरालाले शेराटन होटलको लगानीले नेपालमा लगानीको बातावरण बनेको पुष्टि भएको बताउनुभयो । "नेपाल अहिले शान्ती र स्थायित्वतर्फ अगाडी बढिरहेको छ, त्यसैले अब लगानी ढुक्कले गर्ने वातावरण बनेको छ, शेराटनको लगानीले पनि यसको पुष्टि गर्‍यो" उहाँले भन्नुभयो । "यो हाम्रो निम्ती खुशीको कुरा हो र यसबाट विकासको सुरुआत भएको छ । नेपाल लगानीका लागि भर्जिन ल्याण्ड हो, त्यसैले लगानी भित्राउन एनआरएनले पनि पहल गर्नुपर्छ," उहाँले भन्नुभयो ।

कम्पनीका समूह प्रमुख कार्यकारी अधिकृत तथा गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले भन्नुभयो, 'अन्तर्राष्ट्रिय चेन होटल ल्याएर मुलुकको पर्यटन क्षेत्रको विकासमा लाग्न पाउँदा अत्यन्तै खुसी महसुस गरेको छु ।' मातृभूमिको कर्तव्य सम्झेर ठूलो लगानी शुरु भएको हो, धेरै जोखिम छ तर पनि यसले सफलता पाउने छ, उहाँले भन्नुभयो ।

शिलान्यास कार्यक्रममा स्टारबुड होटल र रिसोर्ट वर्ल्डवाइड इंकका एसिया प्यासिफिक भाइस प्रिसिडेण्ड दिलिप पुरीले नेपाल पर्यटन गन्तव्यका लागि उत्तम रहेकाले शेराटनले गुणस्तरीय पर्यटकलाई सेवा दिने बताउनुभयो ।

अध्यक्ष घलेले निर्माणका क्रममा करिब ५० हजारले प्रत्यक्ष रोजगारी पाउने बताउँदै होटल सञ्चालनपछि ४ सय ५० दक्ष जनशक्तिले रोजगारी पाउने जानकारी दिनुभयो । होटलको सन् २०१७ को अन्त्य सम्ममा निर्माण सम्पन्न गरी सन् २०१८ फेब्रुअरी महिनाबाट होटल सञ्चालन गर्ने लक्ष्य लिइएको छ ।

शिलान्यास कार्यक्रममा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, श्रम तथा रोजगार राज्यमन्त्री टेकबहादुर गुरुङ, नेपाल सरकारका मुख्य सचिव लिलामणी पौडेल, संघका संस्थापक अध्यक्ष उपेन्द्र महतो, निवर्तमान अध्यक्ष जीवा लामिछाने, प्रमुख संरक्षक रामप्रताप थापा, संघका पदाधिकारी, सदस्य, सरकारी कर्मचारी, पत्रकारलगायतको उपस्थिती रहेको थियो ।

**मन केसी**
**प्रवक्ता,**
**गैरआवासिय नेपाली संघ,**
**अन्तराष्ट्रिय समन्वय समिती**
**(९८१८४७०३७६)**